नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
कार्तिक/मंसीर २०८० (November 2023) वर्ष २६/अङ्क २९९

## आफूमा भएका वरदानअनुसार सेवा गर्नु

- पाष्टर सिमोन पाठक

एकजना दाजुले भन्नुहुन्थ्यो- खुर्सानीको काम जिब्रोलाई स्वाद दिनु हो तर खुर्सानीलाई जिब्रोमा नलगाएर आँखामा लगायो भने के हुन्छ ? यदि हामीले आफूमा भएको वरदानलाई चिन्न सकेनौं भने अरू मानिसहरूलाई स्वाद दिने जीवन बन्नुको सट्टा खुर्सानीलाई आँखामा लगाउँदा जसरी पोल्छ, त्यसरी नै अरू मानिसको जीवनलाई पोलिराखेका हुन्छौं ।

**प्रभुको सेवा गर्ने विभिन्न क्षेत्रहरू छन् ।** ती क्षेत्रहरूमध्ये कहाँ रहेर सेवा गर्ने सो हामीले जान्न सकेनौं भने प्रभुको मण्डली कमजोर बन्न पुग्छ । मण्डलीमा हामीले सेवकाइ खोज्नुपर्छ, पद खोज्ने होइन । सेवकाइले हामीलाई प्रभुको सेवा गर्ने एउटा मञ्च दिन्छ । त्यही मञ्चमा रहेर सेवकाइ गर्दै जाँदा सेवकाइका जिम्मेवारीहरू पनि थपिँदै जान्छन् ।

शुरूमा हामीलाई आफूसँग के वरदान छ भनेर चिन्न गाह्रो हुन सक्छ । तर हामी सबैलाई आफूसँग भएको सीप, प्रतिभा, क्षमता, दक्षता केही हदसम्म थाहा हुन्छ । त्यसअनुसार प्रभुको सेवा गर्न शुरू गर्नुपर्छ । तपाईंले गरेको त्यही सेवकाइले सेवा गर्ने एउटा स्थान तयार हुन्छ । त्यही स्थानमा रहेर सेवा गर्दै जाँदा आफूसँग भएका वरदानहरूको पहिचान हुँदै जान्छ ।

**१ कोरिन्थी १२:२७ पदअनुसार** हामीहरू खीष्टका शरीर हौं । जसरी मानव शरीरमा विभिन्न अंगहरू हुन्छन् त्यस्तै मण्डलीका प्रत्येक विश्वासीहरू खीष्टको शरीरका अंगहरू हुन् । जसरी शरीरका सबै अंगहरूले आ-आफ्नो काम गरे भने पूरा शरीर स्वस्थ हुन्छ, सक्रिय हुन्छ त्यसरी नै मण्डली पनि स्वस्थ र सक्रिय हुन मण्डलीमा भएका सबै विश्वासीहरूले "म खीष्टको शरीरको कुन अंग हुँ" भन्ने पहिचान गरेर त्यसअनुसार काम गरे भने मण्डली जल्दोबल्दो हुन्छ । मण्डलीमा हामीहरूमध्ये कतिजना हात, औंला, खुट्टा, नाक, आँखा, मुटु, आन्द्रा, पेट, मृगौला, फोक्सो, कलेजो हौंला । देखिने नदेखिने शरीरका सबै अंगहरूले आफ्नो वरदान पहिचान गरेर त्यसअनुसार काम गरे भनेमात्र मण्डली स्वस्थ बन्छ ।

मुटुले मचाहिँ रातदिन धड्केको धड्केकै, आँखाचाहिँ रातभरि सुत्छ, दिनभरि हेर्छ, सबै मानिसले उसकै चर्चा गर्छन् । मलाई त कसैले देख्दा पनि देख्दैनन् भनेर मुटु केही समय बन्द भयो भने के हुन्छ ? त्यसरी नै मण्डलीका सदस्यहरूले आ-आफ्नो जिम्मेवारी पूरा गरेनन् भने शरीरमा भएको मुटुले काम गर्न छोड्दा जस्तो अवस्था हुन्छ । मण्डली पनि त्यस्तै बन्न पुग्छ । मण्डली खीष्टको देह हो, शरीर हो । उहाँको शरीरका हरेक विश्वासीहरू अंगहरू भएका हुनाले, हरेक अंगले एकाअर्कामा दुश्मनी नगरी, आरीस नगरी सबैले आफ्नो आफ्नो वरदानअनुसार काम गर्नुपर्छ । हामीले जुन दिन प्रभु येशूलाई ग्रहण गऱ्यौं, त्यही दिनदेखि हामीहरू खीष्टको शरीरमा गाभियौं । खीष्टमा हामी सबै एउटै भएका छौं (१ कोरिन्थी १२:१२-१३) ।

**येशू खीष्टमा हामी एउटै भएका हुनाले मण्डलीमा हामी सबै नै महत्वपूर्ण छौं** (१ कोरिन्थी १२:१७-२०) । हामी जुन मण्डलीमा छौं, त्यो मण्डली सक्रिय रुपमा संचालन हुनका लागि हामी सबैको आवश्यकता छ । खीष्टमा हामी सबैलाई एकअर्का चाहिन्छ । कोरिन्थको मण्डलीमा धेरै वरदान भएका विश्वासीहरूले कम वरदान भएकाहरूलाई कम महत्त्व सम्झन्थे (१ कोरिन्थी १२:२१-२२) । तर शरीरमा आँखालाई हातको आवश्यकता पर्दछ । हातलाई आँखाको आवश्यकता पर्दछ । टाउकोलाई खुट्टाको खाँचो छ, खुट्टालाई टाउको चाहिन्छ । एउटा बिना अर्कोले काम गर्न सक्दैन ।

त्यसरी नै मण्डलीमा तपाईं र मलाई एकाअर्का चाहिन्छ । चंगाईको वरदान भएको व्यक्तिलाई शिक्षकको वरदान भएको व्यक्तिको खाँचो पर्छ । शिक्षकको वरदान भएको व्यक्तिलाई चंगाईको वरदान भएको व्यक्तिको खाँचो पर्छ । वचन प्रचार गर्नेहरूलाई प्रार्थना गर्नेहरूको खाँचो पर्दछ । प्रार्थना गर्नेहरूलाई वचन प्रचार गर्नेहरूको खाँचो पर्दछ ।

**मण्डलीमा कुनचाहिँ सेवकाइ बढी महत्त्वपूर्ण हुन्छ ?**

सबै सेवकाइहरू नै महत्त्वपूर्ण छन् । एउटा बिना अर्को चल्न सक्दैन । जसरी आँखाले हातलाई मलाई तेरो दरकार छैन भन्न सक्दैन । शिरले खुट्टालाई मलाई तेरो दरकार छैन भन्न सक्दैन । त्यसरीनै मण्डलीमा हामीले मलाई फलानोको दरकार छैन भन्न सक्दैनौं । हामी सबैलाई एकअर्का चाहिन्छ । देखिने र नदेखिने सबै अंगहरू एउटै शरीरमा हुन्छन् । सबैलाई एकअर्का चाहिन्छ (१ कोरिन्थी १२:२४-२६) ।

**शरीरमा देखिने अंगहरूलाई नदेखिने अंगहरूको आवश्यक पर्छ ।** शरीरको बाहिर देखिने आँखालाई राम्रोसँग काम

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्तिक २५ November 11 | एल्डर रत्नमान महर्जन | डीकन राजु तामाङ्ग | एल्डर सिद्धि खालिङ | डीकन भूपाल लामा | श्री विजय तामाङ्ग | डीकन ध्रुव घिमिरे | पाष्टर रूबेन श्रेष्ठ | एल्डर बाबुराम के.सी. | श्री जीवन खालिङ | एल्डर जनकलाल श्रेष्ठ | एल्डर लाक्पा लामा |
| मंसीर २ November 18 | पाष्टर अब्राहाम श्रेष्ठ | एल्डर सुरेश पुर्कुटी | डीकन युसुफ श्रेष्ठ | श्री डिल्ली तामाङ्ग | श्रीमती निशा तामाङ्ग | पाष्टर घनश्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर रोल्याण्ड रोंगोंग | श्री जीवन खालिङ | श्री डा. सुदान रूचाल | एल्डर अर्जुन ढकाल |
| मंसीर ९ November 25 | पाष्टर सिमोन पाठक | डीकन कान्छा श्रेष्ठ | एल्डर अर्जुन ढकाल | एल्डर बाग मान तामाङ्ग | एल्डर पूर्ण सुनुवार | एल्डर सिमोन खालिङ | एल्डर शारोन रोंगोंग | डीकन ध्रुव घिमिरे | श्री विश्वास थापा | एल्डर भुवन देवकोटा | एल्डर लाक्पा लामा |
| मंसीर १६ December 2 | पाष्टर अशोक मुखिया | डीकनेस् रश्मिला तामाङ्ग | डीकन कुमार गजमेर | डीकन राम ब. तामाङ्ग | श्री मिन ब. तामाङ्ग | पाष्टर वीर ब. खवास | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | डीकन कृष्ण नगरकोटी | पाष्टर प्रेम श्रेष्ठ |

गर्नका लागि मुटु, कलेजो, फोक्सो, मृगौला, गिदी नदेखिने अंगहरू हुन् । तर यी सबै अंगहरूको खाँचो पर्दछ । त्यसरी नै खीष्टको शरीर मण्डली हो । स्वस्थ र बलियो भएर काम गर्नका लागि खीष्टमा विश्वास गरेका सानो, ठूलो, पढेका, नपढेका, धनी, गरिब, धेरै किसिमको दान, वरदान, क्षमता, सिप भएकाहरू, कम दान वरदान भएकाहरू सबैको आवश्यकता पर्दछ ।

हरेक मण्डलीका सदस्यहरूले शनिबारको आराधना सेवाको दिनमा र हप्ताको बीचमा आफूमा भएको सेवाको वरदानलाई पहिचान गरेर प्रभुको सेवा गर्ने मन बनायौं भने हामी जुन मण्डलीमा छौं त्यो मण्डलीले फड्को मार्नेछ । मण्डली शक्तिशाली भएर जानेछ । प्रभुको महिमा मण्डलीद्वारा हुनेछ । तर आँखाले हातलाई हेप्न थाल्यो, शिरले खुट्टालाई हेप्न थाल्यो, कानले आँखालाई हेप्न थाल्यो, आँखाले कानलाई हेप्न थाल्यो, एकअर्कामा आरीस गर्नथाल्यो, झगडा गर्नथाल्यो, एउटा अर्काको विरुद्धमा गनगन गर्न थाल्यो भने पूरा शरीरको हालत के हुन्छ ? त्यसरी नै मण्डलीका विश्वासीहरूले एकाले अर्काको सेवकाइमा आरीस गर्न थाले, मनभित्र जल्न थाले, एउटाले अर्काको सेवकाइलाई कदर गर्न छोडे, एउटाले अर्कालाई थिच्न थाले भने जसले अर्कोलाई थिचिराखेको छ ऊ पनि तलै झर्छ । मण्डली पनि तल जान्छ । हामीहरू खीष्टको देहलाई निर्माण गर्ने र सहयोगी हातहरू हुनका लागि बोलाइएकाहरू हौं ।

**हामीलाई प्रभुले मण्डलीमा विभिन्न क्षेत्रमा सेवा पुऱ्याउने वरदानहरू दिनुभएको छ ।** कतिजना धेरै क्षेत्रमा होला, कतिजना एक दुईवटा क्षेत्रमा होला, कतिजना हामी देखिने सेवकाइमा छौं, कतिजना नदेखिने सेवकाइमा छौं । तर सबैभन्दा मुख्य कुराचाहिँ प्रभुले हामीलाई मण्डलीलाई बलियो बनाउने काममा दिनुभएका वरदानअनुसार सेवा गर्नुचाहिँ महत्वपूर्ण हुन्छ ।

मण्डलीमा विभिन्न किसिमका सेवकाइहरू छन् । ती सेवकाइहरूमध्ये कुन-कुन सेवकाइमा तपाईंले हात बढाउन सक्नुहुन्छ ? प्रभुसँग प्रार्थना गरौं र उहाँले देखाउनुभएअनुसार परमेश्वरको राज्य निर्माणको काममा सहयोगी हातहरू बनेर प्रभुको महिमा गरौं ।

## नोभेम्बर महिनाको कार्यक्रम

कार्तिक २७-२९ गते/नोभेम्बर १३-१५ तारिख सोमबारदेखि बुधबारसम्म **नेइम जवान शिविर** नेइम ज्ञानेश्वर चर्चमा ।

मंसीर १ गते/नोभेम्बर १७ तारिख शुक्रबार **महिला उपवास प्रार्थना** आ-आफ्नो चर्चमा ।

### विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा संगतिहरूमा सेवा शुरू हुन अघिनै समयमै आउनुहुन मण्डली परिवार सबैलाई विशेष अनुरोध गर्दछौं ।

२. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

## जानकारी



तिलगंगा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती पृथ्वी माया देउला ७२ वर्षको उमेरमा असोज २२ गते/अक्टोबर ९ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



अत्तरखेल बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य श्री तोपेन्द्र सुनुवार ४७ वर्षको उमेरमा कार्तिक २ गते/अक्टोबर १९ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | ढलमल | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्तिक २५**<br>November 11 | डीकन<br>कृष्ण श्रेष्ठ | डीकन<br>चित्र मगर | डीकन<br>अमृत लामा | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>बि.एन पण्डित | एल्डर<br>छोदेन कार्थक | डीकन<br>बाबेल राई |
| **मंसीर २**<br>November 18 | एल्डर<br>पेशल राइ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | डीकन<br>कृष्ण श्रेष्ठ | डीकन<br>चित्र मगर | डीकन<br>अमृत लामा | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>पिटर लिम्बू | डीकन<br>अनिल आले | एल्डर<br>जोरविर राई |
| **मंसीर ९**<br>November 25 | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकनेस्<br>सलोमी दों | श्रीमती<br>देवकी जिरेल | एल्डर<br>गोपी राई | डीकनेस्<br>उषा गौतम | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>जोरविर राई | एल्डर<br>जोरविर राई | एल्डर<br>राजु श्रेष्ठ | डीकन<br>डि.बी. राई |
| **मंसीर १६**<br>December 2 | एल्डर<br>लाक्पा लामा | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | संयुक्त सेवा<br>गाम्चा चर्च | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>बेन्जामिन तामाङ्ग |

## हार्दिक बधाई



भाद्र २५ गते/सेप्टेम्बर ११ तारिख, सोमबार नेइम जोरपाटी चर्चका सदस्यहरू देविन्द्र योङया र अनिता याङयाको नेइम जोरपाटी चर्चमा आशिषको विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।




आश्विन २४ गते/अक्टोबर ११ तारिख, बुधबार नेइम जोरपाटी चर्चका सदस्यहरू श्री आकाश सापकोटा र सुश्री कुसुम थापा मगरको नेइम जोरपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान, बुद्धि, एकता, र मेल मिलापको साथै देशको वर्तमान परिस्थितिको लागि प्रार्थना गरिदिऔं ।

२. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

३. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, गृहयुद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपको कारण दु:ख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

४. विभिन्न माध्यमहरूद्वारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान सकून् साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

६. अधुरो परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायताको लागि प्रार्थना गरिदिऔं ।

७. सारा संसारभरिका मण्डलीहरूमा पवित्र आत्माबाटको जागृतिको लागि प्रार्थना गरिदिऔं ।

८. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दु:ख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख कष्ट, खेदो सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै र एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

११. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

१२. मण्डलीका विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशूमा पाइने सित्तैंमा मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १९ 5<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:९-१० | २६ 12<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | ३ 19<br>नेपाली इसाई मण्डलीका शाखा, छोरी मण्डलीहरू साथै संगतिहरूमा मण्डलीको हेरचाह गर्न सेवक सेविकाहरूको कमी नभएको होस् ।<br>मत्ती ९:३६-३८ | १० 26<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ |
| **सोमबार**<br>Monday | २० 6<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ | २७ 13<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१-१८ | ४ 20<br>घरेलु संगतिका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसलोनिकी १:२-३ | ११ 27<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>कलस्सी ३:१६ |
| **मंगलबार**<br>Tuesday | २१ 7<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>१ यूहन्ना ५:१४-१५ | २८ 14<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | ५ 21<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउने-हरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १२ 28<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष्, ज्ञान र बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ |
| **बुधबार**<br>Wednesday | २२ 8<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | २९ 15<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ६ 22<br>नेपाली इसाई मण्डलीमा दिइराख्नु-भएको मण्डली साथै संगतिहरू प्रभुमा बढ्दै, फैलँदै र बलियो हुँदै जान सकून् ।<br>यशैया ५४:२-४ | १३ 29<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ |
| **बिहीबार**<br>Thursday | २३ 9<br>नेपालमा रहेका सबै विश्वासीहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>कलस्सी २:६-७ | ३० 16<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरू देशको वर्तमान परिस्थितिको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | ७ 23<br>मण्डलीका विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निरासका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर प्रभुको वचनमा रही स्थिर रहन सकून् ।<br>भजनसंग्रह ११९:४९-५० | १४ 30<br>मण्डलीका प्रत्येक विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ |
| **शुक्रबार**<br>Friday | २४ 10<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने खीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले खीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | १ मंसीर 17<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ताकि हामी प्रभुमा बढ्दै जान सकौं ।<br>उपदेशक ५:१-६, | ८ 24<br>नेपालभरि हुने सेवा संगतिमा पवित्र आत्माको उपस्थिति हरेकले थाहा गर्न सकून् ।<br>हितोपदेश ८:३४-३५ | १५ December 1<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरको महिमा गर्नेहरू हुन सकून् ।<br>याकूब १:१९-२५ |
| **शनिबार**<br>Saturday | २५ 11<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० | २ 18<br>आज हुने देशभरिका आराधना सेवाहरूद्वारा एक मात्र जीवित परमेश्वरलाई महिमा होस् ।<br>भजनसंग्रह ४७:१-९ | ९ 25<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>२ पत्रुस ३:८-९ | १६ 2<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ |

**मरुभूमि र निर्जल-भूमि हर्षित हुनेछन् । उजाड-स्थान रमाउनेछ र फुल्नेछ । केशरझैं त्यो फुलेर फक्रनेछ । यो अत्यन्त प्रफुल्लित हुनेछ, र हर्षले गाउँदै रमाहट गर्नेछ । लेबनानको गौरव, कर्मेल र शारोनको शोभा त्यसलाई दिइनेछ । तिनीहरूले परमप्रभुको महिमा र हाम्रा परमेश्वरको ऐश्वर्य देख्नेछन् । कमजोर हातहरू बलिया बनाओ, र दुर्बल घुँडाहरू दह्रा पार । डरले हृदय भरिएकाहरूलाई भन, "साहस गर, नडराओ । तिमीहरूका परमेश्वर बदला दिनलाई आउनुहुनेछ, ईश्वरीय प्रतिफलसहित तिमीहरूलाई बचाउनलाई उहाँ आउनुहुनेछ ।" तब अन्धाहरूका आँखा खोलिनेछन्, र बहिराहरूका कान उघारिनेछन् । तब लङ्गडाहरू मृगझैं उफ्रनेछन्, र गूँगाहरूको जिब्रोले स्तुति गर्नेछ । उजाड-स्थानमा पानी फुटेर निस्कनेछ र मरुभूमिमा खोलाहरू बग्नेछन् ।**

**यशैया ३५:१-६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,